काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५४ | मंगलवार, ३ चैत, २०८२ | Tuesday, 17 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

तीन वर्षमा ४ सय ९२ वटा जबरजस्तीका मुद्दा दर्ता

आफन्त र नजिकका व्यक्तिबाटै त्रास

आर्थिक वर्ष २०८०/०८१ मा दुई सय नौ मुद्दा दर्ता भएका थिए। भने आर्थिक वर्ष २०८१/०८२ मा एक सय ७४ मुद्दा दर्ता भएका छन्। चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्म एक सय नौ वटा जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता भएको छ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ चैत

कर्णाली प्रदेशमा जबरजस्ती करणीका घटनामा अपरिचितभन्दा चिनेजानेका र नजिकका व्यक्तिहरूकै संलग्नता बढी देखिएको तथ्यांकले देखाएको छ।

कर्णालीमा भौगोलिक विकटता, आर्थिक अभाव, सामाजिक संरचना र मानसिक स्वास्थ्यसम्बन्धी समस्याले पनि यस्ता अपराधलाई थप जटिल बनाइरहेको सरोकारवालाहरू बताउँछन्।

प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा कर्णालीमा चार सय ९२ वटा जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता भएका छन्।

जसमा आर्थिक वर्ष २०८०/०८१ मा दुई सय नौ मुद्दा दर्ता भएका थिए। भने आर्थिक वर्ष २०८१/०८२ मा एक सय ७४ मुद्दा दर्ता भएका छन्। चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्म एक सय नौ वटा जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता रामप्रकाश शाहले बताए।

उनका अनुसार अधिकांश घटनामा पीडितले चिनेजानेका व्यक्ति, नजिकका आफन्त, छिमेकी वा समाजले विश्वास गरेका व्यक्तिहरू नै संलग्न देखिन्छन्। कैयौं घटनामा परिवारभित्रकै अभिभावक वा सदस्य संलग्न भएको अनुसन्धानले देखाएको छ। विश्वासको सम्बन्धकै दुरुपयोग हुने भएकाले यस्ता अपराध पहिचान गर्न र उजुरी गर्न पनि कठिन हुने गरेको प्रहरीको भनाइ छ।

सरोकारवालाका अनुसार कर्णालीको भौगोलिक विकटता पनि न्यायिक पहुँचमा बाधक बनेको छ। धेरै गाउँहरू सदरमुकामबाट टाढा भएकाले घटना भए पनि तत्काल प्रहरी वा कानुनी निकायसम्म पुग्न गाह्रो हुने गरेको छ। यातायातको अभाव र दुर्गम बस्तीका कारण धेरै घटना लुकाइने वा ढिला गरी बाहिर आउने प्रवृत्ति पनि जारी छ।

यस्ता घटनामा आर्थिक अवस्था कमजोर हुनु अर्को महत्वपूर्ण कारण मानिएको छ। अधिकारकर्मी अनिता नेपालीका अनुसार कर्णालीमा गरिबीको दर तुलनात्मक रूपमा उच्च भएकाले धेरै परिवार रोजगारीको खोजीमा बाहिर जाने गर्छन्। घरमा अभिभावकको निगरानी कम हुने, बालबालिका र महिलाहरू असुरक्षित अवस्थामा बस्नुपर्ने जस्ता कारणले जोखिम बढ्ने गरेको उनी बताउँछिन्।

'सामाजिक संरचना र परम्परागत सोचले पनि पीडितलाई न्याय खोज्न कठिन बनाउने गरेको छ' उनले भनिन्, 'गाउँ समाजमा 'इज्जत' र 'प्रतिष्ठा'को डरले धेरै परिवारले घटना लुकाउने, मेलमिलाप गर्न खोज्ने वा उजुरी नगर्ने अवस्था अझै देखिन्छ। यसले अपराधीलाई दण्डहीनताको अनुभूति गराउने र घटनाको पुनरावृत्ति हुने जोखिम बढाउछ।'

यसैको उपज फागुन २३ गते घटेको इनिशा विक बलात्कारपछि हत्या प्रकरण समेत रहेको छ। हाल यो घटनाको अनुसन्धान जारी छ। तर यो घटनामा दोषिमाथि हदैसम्मको कारवाही हुन नसके कर्णालीमा फेरी पनि यस्ता घटनाले प्रसय पाउन अधिकारकर्मी अनिताको भनाइ छ।



कानुनी व्यवस्था र कार्यान्वयनको अवस्था

नेपालमा जबरजस्ती करणी (बलात्कार) सम्बन्धी अपराधलाई गम्भीर फौजदारी अपराधका रूपमा कानुनले परिभाषित गरेको छ। यस्तो अपराध रोक्न र पीडितलाई न्याय दिलाउन विभिन्न कानुनी व्यवस्था भए पनि कार्यान्वयनको पक्ष भने अझै चुनौतीपूर्ण रहेको सरोकारवालाहरू बताउँछन्।

नेपालको मुलुकी अपराध संहिता, २०७४ ले जबरजस्ती करणीलाई स्पष्ट रूपमा अपराध मानेको छ। उक्त संहिताअनुसार कसैले पनि कुनै महिलालाई उनको इच्छा विपरीत यौनसम्पर्क गर्न बाध्य बनाएको अवस्थामा जबरजस्ती करणीको अपराध मानिन्छ। कानुनले पीडितको उमेर, घटना भएको परिस्थितिलगायतका आधारमा सजायको व्यवस्था गरेको छ। सामान्यतया ७ वर्षदेखि १२ वर्षसम्म कैद सजायको व्यवस्था रहेको छ भने पीडितको उमेर कम भएमा सजाय अझ कडा हुने प्रावधान छ।

संहिताअनुसार १० वर्षभन्दा कम उमेरकी बालिकामाथि बलात्कार भएमा १६ देखि २० वर्षसम्म कैद सजाय हुन सक्छ। १० देखि १४ वर्ष उमेर समूहका पीडितको हकमा १४ देखि १६ वर्षसम्म कैद र १४ देखि १६ वर्ष उमेर समूहमा १२ देखि १४ वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। साथै पीडितलाई क्षतिपूर्ति दिने कानुनी व्यवस्था पनि रहेको छ।

कानुनले उजुरी दर्ता गर्ने समयसीमासमेत विस्तार गरेको छ। पहिले बलात्कार मुद्दा दर्ताका लागि ३५ दिनको समयसीमा थियो भने अहिले त्यसलाई बढाएर एक वर्ष पुऱ्याइएको छ। यसले पीडितलाई घटना सार्वजनिक गर्न र न्याय खोज्न केही सहज बनाएको मानिन्छ। तर व्यवहारमा भने कानुनको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको देखिन्छ।

विशेषगरी दुर्गम क्षेत्रहरूमा घटनाको उजुरी नै नपुग्ने, सामाजिक दबाबका कारण मेलमिलाप गराउने प्रयास हुने, प्रमाण सङ्कलनमा ढिलाइ हुने जस्ता समस्या देखिन्छन्। प्रहरी र स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति तथा फरेन्सिक सेवा अभाव हुँदा अनुसन्धान प्रक्रियामा पनि कठिनाइ हुने गरेको छ।

यस्तै, धेरै पीडितहरूले सामाजिक बदनामीको डर, परिवार र समुदायको दबाब तथा न्याय प्रक्रियाको जटिलताका कारण उजुरी गर्न हिच्किचाउने अवस्था अझै कायम छ। यसले गर्दा वास्तविक घटनाको संख्या भन्दा दर्ता हुने मुद्दा कम हुने सम्भावना रहेको अधिकारकर्मीहरूको भनाइ छ।

सरोकारवालाहरूका अनुसार कानुनी व्यवस्था पर्याप्त भए पनि यसको प्रभावकारी कार्यान्वयनका लागि पीडितमैत्री सेवा, छिटो अनुसन्धान, मनोसामाजिक सहयोग र समुदायस्तरमा चेतना अभिवृद्धि गर्न आवश्यक छ। प्रहरी, न्यायालय, स्वास्थ्य संस्था र स्थानीय सरकारबीच समन्वय बलियो बनाइए मात्रै यस्ता अपराध नियन्त्रणमा प्रभावकारी परिणाम देखिने अपेक्षा गरिएको छ।

चुनौती बन्दै मानसिक स्वास्थ्य समस्या

जबरजस्ती करणीका घटनामा मानसिक स्वास्थ्यका विषयमा सचेतना अभाव पनि अर्को चुनौती बनेको छ। कर्णालीका धेरै जिल्लामा मनोसामाजिक परामर्श सेवा पर्याप्त छैन। हिंसाबाट पीडित महिलाहरू र बालबालिकाले आवश्यक परामर्श तथा उपचार नपाउँदा दीर्घकालीन मानसिक असर पर्ने चिकित्सकहरू बताउँछन्।

महिला अधिकारकर्मीहरूले यस्ता घटनाको न्यूनीकरणका लागि समुदायस्तरमा सचेतना, विद्यालयमा यौन शिक्षा, पीडितमैत्री सेवा र छिटो न्याय सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याएका छन्। उनीहरूका अनुसार प्रहरी, स्थानीय सरकार र समुदायबीच समन्वय बढाएर मात्रै यस्ता अपराध नियन्त्रण गर्न सकिन्छ। कर्णालीका

बाँकी पृष्ठ ४

कर्णालीबाट छानिए ५ समानुपातिक सांसद



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ चैत

कर्णाली प्रदेशबाट प्रतिनिधिसभामा समानुपातिकतर्फ विभिन्न दलबाट ५ जना सांसद सिफारिस भएका छन्।

नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी र श्रम संस्कृति पार्टीबाट समानुपातिकतर्फ १/१ गरी ५ जनाको नाम सिफारिस भएको हो। निर्वाचन आयोगमा सिफारिसमा परेका ५ मध्ये १ पुरुष र ४ महिला छन्। प्रत्यक्षमा १२५ सिट र समानुपातिकतर्फ ५१ लाख ८३ हजार ४९३ मत प्राप्त गर्दै पहिलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले कर्णालीलाई समानुपातिकतर्फ एक सिट मात्रै दिएको छ। देशभरबाट ५७ जना सांसद छान्दा कर्णालीबाट सुर्खेतकी सीता बादी दलित महिला क्लस्टरबाट सिफारिसमा परेकी हुन्। यस्तै, नेकपा एमालेले कर्णालीबाट कालीकोटकी एशुदाकुमारी बरालललाई सांसद बनाएको छ। उनलाई महिला खसआर्यतर्फ पिछडिएको क्षेत्रबाट चयन गरेको हो। नेकपाले पार्वती विश्वकर्मालाई सांसद बनाएको छ। जाजरकोटकी पार्वतीलाई नेकपाले दलित महिला र पिछडिएको क्षेत्रबाट सांसदमा सिफारिस गरेको हो।

ग्यासको विकल्पमा विद्युतीय चुलो

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २ चैत

सरकारले खाना पकाउने ग्यासको परनिर्भरता घटाउन र इन्धनको बढ्दो मागलाई सन्तुलनमा राख्न ग्यास (इन्डक्सन स्टोभ) चुलो प्रवर्धनको विशेष योजना अघि सारेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्य सचिव सुमनराज अर्यालको अध्यक्षतामा बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७४ औँ बैठकले विद्युतीय चुलो प्रयोग गर्ने उपभोक्तालाई विद्युत् महसुलमा सहुलियत दिने कार्ययोजना तयार पार्न निर्देशन दिएको हो। बैठकले घरायसी प्रयोजनका लागि विद्युतीय चुलो खरिदमा प्रोत्साहन गर्ने मात्र नभई, पुराना विद्युतीय प्रणालीलाई स्तरोन्नति गर्ने निर्णय समेत गरेको छ। विशेषगरी धेरै इन्धन खपत हुने क्षेत्रहरू जस्तै होटेल, रेस्टुरेन्ट, छात्रावास तथा सुरक्षा निकायका ब्यारेकहरूमा अनिवार्य जस्तै गरी विद्युतीय ऊर्जा र बायोग्यास जस्ता वैकल्पिक ऊर्जाको प्रयोग बढाउन प्रोत्साहन गरिने भएको छ।

ग्यास व्यवस्थापन र अनुगमनमा कडाइ

सरकारले ग्यासको अस्वाभाविक भण्डारण (होर्डिङ) नियन्त्रण गर्न र थोक तथा खुद्रा विक्रेताको नियमित अनुगमन गर्न विशेष जोड दिएको छ। बैठकले गरेका मुख्य निर्णयहरू यस प्रकार छन्:

१. ग्यासको अत्यधिक भण्डारण रोक्न र बजारमा आपूर्ति सन्तुलित राख्न प्रभावकारी कदम चालिने।
२. ग्यास विक्रेताहरूको नियमित निरीक्षण गर्ने र उपभोक्तालाई सिलिन्डर साट्ने मिति सम्बन्धी जानकारी पारदर्शी रूपमा उपलब्ध गराउने।
३. माग र आपूर्तिको सन्तुलन मिलाउन नेपाल आयल निगमलाई सक्रिय बनाउने।

इनिशा हत्या घटनाको निष्पक्ष छानबिन गर्न माग



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ चैत

सुर्खेतकी १६ वर्षीया बालिका इनिशा विकको घटनाको स्वतन्त्र, निष्पक्ष र पारदर्शी छानबिनको माग गर्दै कर्णाली प्रदेशका संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिले सरकारको ध्यानाकर्षण गराएको छ।

समितिले जिल्ला प्रशासन कार्यालय सुर्खेतमार्फत प्रधानमन्त्रीलाई पाँच बुँदे मागसहित ज्ञापनपत्र बुझाएको हो। ज्ञापनपत्रमा फागुन २३ गते बालिका इनिशामाथि बलात्कारपछि हत्या गरिएको दाबी गर्दै घटनाको गम्भीर र निष्पक्ष छानबिन गर्न माग गरिएको छ। समितिले उक्त जघन्य अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्नुपर्ने माग पनि राखेको छ। साथै भविष्यमा यस्ता अमानवीय अपराध दोहोरिन नदिन महिला तथा बालबालिकाको सुरक्षा सुनिश्चित गर्न राज्यले प्रभावकारी कदम चाल्नुपर्ने उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा महिला तथा बालबालिकाको सम्मान, सुरक्षा र अधिकार सुनिश्चित गर्न तथा कुनै पनि दबाब, प्रभाव वा पहुँचका आधारमा अपराधीलाई उन्मुक्ति नदिन आग्रह गरिएको छ।

पीडित परिवारलाई न्याय दिलाउन र न्याय प्रक्रियालाई कमजोर पार्ने कुनै पनि गतिविधि नगर्न पनि समितिले आग्रह गरेको छ।

ज्ञापनपत्रमा संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति कर्णालीका संयोजक वसन्तकुमार विश्वकर्मा, नेपाल दलित सङ्घका अध्यक्ष भीम शाही (परियार), मुक्ति समाज नेपालका प्रदेश अध्यक्ष पर्वसिंह विश्वकर्मा, नेपाल दलित मुक्ति मोर्चाका प्रदेश उपाध्यक्ष हिरा सुनार तथा श्रमिक समुदाय मोर्चा नेपाल सुर्खेतका रमेशविक्रम दर्जी लगायतका प्रतिनिधिहरूले संयुक्त रूपमा हस्ताक्षर गरेका छन्।

समितिका संयोजक वसन्तकुमार विश्वकर्माले बालिका इनिशालाई न्याय दिलाउन समाजका सबै पक्ष एकजुट हुनुपर्ने बताए।

ज्ञापनपत्र बुझ्दै जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रशासकीय अधिकृत भरत खनालले उक्त ज्ञापनपत्र प्रधानमन्त्री कार्यालयमा तत्काल पठाइने जानकारी दिएका छन्।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिपछि यातायात व्यवसायीद्वारा तत्काल भाडा समायोजन गर्न माग

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २ चैत

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले पेट्रोलियम पदार्थमा गरिएको भारी मूल्यवृद्धिको विरोध गर्दै तत्काल सार्वजनिक यातायातको भाडा समायोजन गर्न सरकारसँग माग गरेको छ।

नेपाल आयल निगमले जेठ २ गते रातिदेखि लागू हुने गरी डिजेलमा प्रतिलिटर १० रुपैयाँ र पेट्रोलमा १५ रुपैयाँ मूल्य बढाएको भोलिपल्ट महासंघले विज्ञप्ति जारी गर्दै आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको हो। महासंघले एकैपटक यति धेरै मूल्य बढ्दा यातायात व्यवसायी र आम उपभोक्तालाई प्रत्यक्ष असर परेको जनाएको छ।

महासंघका महासचिव डकनाथ गौतमले जारी गरेको विज्ञप्तिमा सार्वजनिक यातायात पूर्ण रूपमा इन्धनमा निर्भर रहने भएकाले मूल्य घटबढ हुँदा त्यसको प्रत्यक्ष असर व्यवसायमा पर्ने उल्लेख छ। यातायात व्यवस्था विभागले स्वचालित प्रणालीबाट भाडा समायोजन गर्दै आएको भए पनि विगत २०७८ फागुन २२ गतेदेखि भाडा समायोजन नभएको भन्दै महासंघले असन्तुष्टि व्यक्त गरेको छ। महासंघले सवारी साधनसँग सम्बन्धित १३ वटा सूचकहरूलाई आधार मानेर २०६५ सालमा तय गरिएको वैज्ञानिक विधिअनुसार तत्काल भाडा समायोजन गर्न माग गरेको छ। विज्ञप्तिमार्फत संघीय रुटको हकमा यातायात व्यवस्था विभागबाट र प्रदेश अन्तर्गतका रुटको हकमा सातवटै प्रदेशका सम्बन्धित मन्त्रालयबाट यथाशीघ्र भाडा समायोजन गरिदिन सरकारको ध्यानाकर्षण गराइएको छ।



यातायात व्यवसायीले नेपाल आयल निगमलाई केवल मूल्यवृद्धि गरेर मात्र समस्याको समाधान नहुने बताएका छन्। उनीहरूले निगमभित्रको आन्तरिक चुहावट र पेट्रोलियम पदार्थको खपतलाई नियन्त्रण गर्दै वैज्ञानिक विधि अपनाएर सहज आपूर्ति व्यवस्था मिलाउन समेत नेपाल सरकारसमक्ष माग गरेका छन्।

सम्पादकीय

आयोगको भूमिकाले छाडेको छाप

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनले नेपालको लोकतान्त्रिक अभ्यासलाई पुनः एकपटक परीक्षणको घेरामा राख्यो । निर्वाचन केवल मत हाल्ने प्रक्रियामा सीमित विषय होइन, यसको तयारीदेखि नतिजा सार्वजनिक गर्ने अन्तिम चरणसम्मको व्यवस्थापनले नै राज्यका संस्थाहरूको विश्वसनीयता मापन गर्छ । यस दृष्टिले हेर्दा यसपटकको निर्वाचन प्रक्रियामा निर्वाचन आयोग नेपालले देखाएको सक्रियता र समन्वयले सकारात्मक सन्देश दिएको छ । निर्वाचन व्यवस्थापनको प्रारम्भिक तयारीदेखि मतदान सम्पन्न गराउने, मतगणना गर्ने र अन्तत, समानुपातिकतर्फको प्रतिनिधित्व सुनिश्चित गर्ने चरणसम्म आयोगले समन्वयकारी भूमिका निर्वाह गरेको देखिन्छ । सुरक्षा निकाय, प्रशासन, राजनीतिक दल र नागरिक समाजसँगको सहकार्यले निर्वाचन अपेक्षाकृत शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न भएको छ । यो तथ्यले संस्थागत क्षमतामा समेत थप भरोसा जगाएको छ । समानुपातिक प्रणालीअन्तर्गत तीन प्रतिशत थ्रेसहोल्ड कटाउने राजनीतिक दलहरूले समयमै उम्मेदवारको नाम बुझाउनु पनि निर्वाचन प्रक्रियाको अर्को सकारात्मक पक्ष हो । आयोगले सिट बाँडफाँट गरेपछि दलहरूलाई तोकिएको समयसीमाभित्र बन्दसूचीबाट नाम छनोट गरी पठाउन निर्देशन दिएको थियो । त्यसअनुसार सबै दलले निर्धारित समयमै उम्मेदवारको नाम बुझाएका छन् । यसले निर्वाचन व्यवस्थापनमा समयपालन र प्रक्रियागत अनुशासन कायम भएको संकेत गर्छ ।

सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ सबैभन्दा बढी ५७ सिट प्राप्त गरेको छ । त्यसपछि नेपाली कांग्रेसले २०, नेकपा एमालेले १६, नेपाल कम्युनिस्ट पार्टीले नौ, श्रम संस्कृति पार्टीले चार र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सिट प्राप्त गरेका छन् । यी दलहरूले पठाएका नामहरू अहिले आयोगले बन्दसूचीमा रहेको समावेशी क्लस्टरअनुसार मिलेको छ वा छैन भन्ने विषयमा जाँच गरिरहेको छ । समावेशी प्रतिनिधित्व नेपालको निर्वाचन प्रणालीको महत्वपूर्ण आधार हो । त्यसैले आयोगले दलहरूले पठाएका नामहरू समावेशी क्लस्टरअनुसार भए नभएको परीक्षण गर्नु केवल औपचारिक प्रक्रिया मात्र होइन, संविधानले सुनिश्चित गरेको प्रतिनिधित्वको मर्म जोगाउने प्रयास पनि हो । यदि क्लस्टर नमिलेको पाइएमा दललाई सच्याउन आग्रह गरिने व्यवस्था पनि यही संवैधानिक दायित्वको निरन्तरता हो । अब आयोगको अगाडि रहेको अर्को महत्वपूर्ण चरण भनेको समानुपातिक सांसदको अन्तिम टुंगो लगाएर राष्ट्रपतिसमक्ष निर्वाचन प्रतिवेदन पेश गर्नु हो । यो प्रक्रिया छिटो, पारदर्शी र विवादरहित रूपमा सम्पन्न भएमा निर्वाचनप्रति नागरिकको विश्वास अझ सुदृढ हुनेछ ।

समग्रमा हेर्दा यसपटकको निर्वाचनले राज्यका संस्थाहरूको क्षमता र राजनीतिक दलहरूको प्रक्रियागत अनुशासन दुवैलाई परीक्षण गरेको छ । अझै केही चुनौतीहरू भए पनि निर्वाचन आयोगको सक्रियता र व्यवस्थापनले लोकतान्त्रिक प्रक्रियामा सकारात्मक छाप छोडेको भन्न सकिन्छ । आगामी दिनमा पनि यस्तै पारदर्शिता, निष्पक्षता र समयबद्धताले मात्र निर्वाचन प्रणालीप्रति नागरिकको भरोसा अझ बलियो बन्नेछ । यस पटक सम्पन्न निर्वाचनमा निर्वाचन आयोगले देखाएको सक्रियता र प्रभावकारी समन्वयले समग्र निर्वाचन प्रक्रियालाई व्यवस्थित र विश्वसनीय बनाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । आयोगको नेतृत्व र पहलका कारण सुरक्षा निकाय, मानवअधिकारसँग सम्बन्धित संस्थाहरू, सञ्चार माध्यमलगायत सरोकारवाला निकायहरूबीच आवश्यक सहकार्य र समन्वय कायम भयो । यही सहकार्यका कारण निर्वाचनलाई शान्तिपूर्ण, व्यवस्थित र मर्यादित वातावरणमा सम्पन्न गर्न आवश्यक आधार तयार हुन सकेको हो । त्यसैले निर्वाचनमा आयोगको भूमिकाले छोडेको छाप आगामी निर्वाचनमा पनि अनुशरण गर्न लायक छ । यो योगदानका लागि सबै निकायलाई हार्दिक धन्यवाद !

संसदको सार :

संविधानको मर्यादा र राष्ट्रको भविष्यप्रति जिम्मेवार



लोकतान्त्रिक शासन व्यवस्थामा संसद राष्ट्रको सार्वभौम जनइच्छाको संस्थागत अभिव्यक्ति हो । जनताको मतबाट निर्वाचित प्रतिनिधिहरूले राज्य सञ्चालनको दिशालाई निर्धारण गर्ने भएकाले संसदलाई लोकतन्त्रको केन्द्रबिन्दु मानिन्छ । प्रतिनिधिसभाका सदस्यहरू (सांसद) यस संस्थाको आत्मा हुन् । उनीहरू केवल कुनै राजनीतिक दलका प्रतिनिधि मात्र होइनन्, उनीहरू जनताको आकांक्षा, अधिकार र आशाको संवाहक हुन् ।

यसैले सांसदको पद केवल राजनीतिक उपलब्धि होइन, यो अत्यन्त उच्च नैतिक उत्तरदायित्व, संवैधानिक कर्तव्य र सार्वजनिक विश्वास बोकेको दायित्वपूर्ण पद हो । विश्वका स्थापित लोकतन्त्रहरूले देखाएको अनुभव के हो भने संसदको गरिमा र लोकतन्त्रको गुणस्तर धेरै हदसम्म सांसदहरूको बौद्धिकता, आचरण, अनुशासन र जबाफदेहितामा निर्भर हुन्छ ।

लोकतान्त्रिक शासन सिद्धान्तमा सांसदको भूमिकालाई केवल प्रतिनिधित्वको सीमित दायरामा मात्र बुझिँदैन । आधुनिक संसदीय सिद्धान्तले सांसदलाई 'पब्लिक ट्रस्टी', अर्थात् जनताको विश्वासको संरक्षकका रूपमा व्याख्या गर्दछ । यस अवधारणाअनुसार सांसदले आफ्ना व्यक्तिगत स्वार्थ, दलगत आग्रह वा क्षणिक राजनीतिक लाभभन्दा माथि उठेर राष्ट्रको दीर्घकालीन हितलाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ ।

विश्वका धेरै संवैधानिक लोकतन्त्रहरूमा सांसदलाई सार्वजनिक नीति निर्माण गर्ने बौद्धिक नेतृत्वकर्ता को रूपमा पनि हेरिन्छ । उनीहरूले बनाउने कानुन, नीति र निर्णयहरूले पुस्तौँसम्म समाजको संरचना र राज्य सञ्चालनको स्वरूप निर्धारण गर्न सक्छ ।

विधायन प्रक्रिया सांसदको सबैभन्दा महत्त्वपूर्ण संवैधानिक कार्य हो । संसदले पारित गर्ने कानुनहरूले राज्यको आर्थिक नीति, सामाजिक न्याय, प्रशासनिक संरचना र नागरिक अधिकारहरूको दायरा निर्धारण गर्छन् । यसैले विकसित लोकतन्त्रमा सांसदहरूले विधेयकको अध्ययनका लागि व्यापक अनुसन्धान, विशेषज्ञहरूको परामर्श तथा संसदीय समितिहरूको गहन समीक्षा प्रयोग गर्ने अभ्यास स्थापित भएको छ । उदाहरणका रूपमा धेरै युरोपेली सांसदहरूमा विधेयक पारित हुनुअघि विस्तृत सार्वजनिक सुनुवाइ, नीति विश्लेषण र प्रभाव मूल्याङ्कन गरिन्छ । यसले विधायन प्रक्रियालाई तथ्य, ज्ञान र दीर्घकालीन दृष्टिकोणमा आधारित बनाउँछ ।

संसदको अर्को महत्त्वपूर्ण भूमिका कार्यपालिकामाथि निगरानी राख्नु हो । लोकतन्त्रमा शक्तिको सन्तुलन कायम राख्न संसदले सरकारलाई निरन्तर उत्तरदायी बनाइराख्नुपर्छ । प्रश्न काल, शून्य समय, संसदीय समितिहरू, सार्वजनिक लेखा समितिको परीक्षण तथा संसदीय अनुसन्धान जस्ता संयन्त्रहरू यही उद्देश्यका लागि विकसित भएका हुन् ।

विकसित लोकतन्त्रमा संसदका समितिहरूलाई अत्यन्त शक्तिशाली र प्रभावकारी मानिन्छ, जहाँ सांसदहरूले मन्त्रालयहरूको कार्यसम्पादन, खर्चको पारदर्शिता तथा नीति कार्यान्वयनको समीक्षा गर्छन् । यस्तो निगरानीले शासन प्रणालीमा पारदर्शिता र जबाफदेहिता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

संसदभित्र सांसदको आचरण स्वयंमा लोकतान्त्रिक संस्कृतिको प्रतीक हुन्छ । संसद विचार र तर्कको मञ्च हो, जहाँ मतभेद स्वाभाविक हुन्छ तर असंयमित व्यवहार स्वीकार्य हुँदैन । संसदीय परम्परामा सम्मानजनक भाषा, तथ्यमा आधारित बहस, प्रतिपक्षप्रति सहिष्णुता र संस्थागत मर्यादाको पालनलाई अत्यन्त महत्त्वपूर्ण मानिन्छ । जब सांसदहरूले आफ्नो पदलाई शक्ति वा विशेषाधिकारको स्रोत नभई सेवा, जिम्मेवारी र जनविश्वासको प्रतीकका रूपमा ग्रहण गर्छन्, तब संसद सुदृढ हुन्छ, लोकतन्त्र बलियो बन्छ र राज्यप्रतिको जनविश्वास अझ गहिरो हुन्छ । यही नै प्रतिनिधिसभा सदस्यको गरिमा, महत्त्व र जबाफदेहिताको वास्तविक सार हो । विश्वका धेरै लोकतन्त्रमा सांसदहरूलाई संसदीय आचारसंहिता, नैतिक मानक र हित-संघर्ष (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) सम्बन्धी स्पष्ट नियमहरूद्वारा नियमन गरिन्छ । यस्तो अनुशासनले संसदलाई केवल राजनीतिक प्रतिस्पर्धाको स्थल नभई संवाद र सहमतिको संस्थागत मञ्च बनाउँछ ।

सांसदको भूमिका संसद भवनभित्र मात्र सीमित हुँदैन । संसदबाहिर उनीहरू जनतासँगको सम्बन्धको माध्यमबाट लोकतन्त्रलाई जीवन्त बनाउने प्रमुख पात्र हुन् । निर्वाचन क्षेत्रसँग निरन्तर संवाद, जनताको समस्या बुझ्ने क्षमता र तिनको समाधानका लागि संस्थागत पहल गर्ने कार्य सांसदको सार्वजनिक उत्तरदायित्वको महत्त्वपूर्ण भाग हो । धेरै लोकतन्त्रमा सांसदहरूले नियमित रूपमा निर्वाचन क्षेत्रमा कार्यालय सञ्चालन गर्ने, नागरिकसँग प्रत्यक्ष भेटघाट गर्ने र सार्वजनिक सुनुवाइ आयोजना गर्ने अभ्यास अपनाएका हुन्छन् । यसले प्रतिनिधित्वलाई औपचारिक प्रक्रियाबाट बाहिर निकालेर प्रत्यक्ष जनसम्पर्कको माध्यम बनाउँछ ।

सांसदको व्यक्तिगत आचरण र नैतिकता पनि लोकतान्त्रिक विश्वासको आधार हो । सार्वजनिक जीवनमा रहेका व्यक्तिका रूपमा उनीहरूले पारदर्शिता, इमानदारी र नैतिक अनुशासन कायम राख्नुपर्छ । विश्वका धेरै लोकतन्त्रमा सांसदहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने, स्वार्थको द्वन्द्वबाट बच्ने तथा सार्वजनिक पदको दुरुपयोग नगर्ने प्रतिबद्धता जनाउने अभ्यास विकसित भएको छ । यदि सांसदको व्यक्तिगत आचरणमा पारदर्शिता र नैतिकता कायम रहन्छ भने यसले संसदप्रतिको जनविश्वासलाई सुदृढ बनाउँछ ।

आधुनिक लोकतन्त्रमा सांसदको अर्को महत्त्वपूर्ण आयाम नीति नेतृत्व (पोलिसी लिडरसिप) हो । विश्वका धेरै राजनीतिक विश्लेषकहरूले सांसदलाई केवल कानुन पारित गर्ने प्रतिनिधि नभई राष्ट्रको बौद्धिक मार्गदर्शकको रूपमा पनि व्याख्या गरेका छन् । आर्थिक नीति, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य, प्रविधि तथा वातावरण जस्ता विषयहरूमा दीर्घकालीन राष्ट्रिय दृष्टिकोण निर्माण गर्ने जिम्मेवारी पनि संसद र सांसदहरूमाथि नै निर्भर हुन्छ । त्यसैले आजको विश्वमा प्रभावकारी सांसद बन्न अध्ययनशीलता, विश्लेषण क्षमता र नीति दृष्टिकोण अत्यन्त आवश्यक गुणहरू मानिन्छन् ।

नेपालको संसदीय अभ्यासले पनि समय क्रममा महत्त्वपूर्ण पाठहरू सिकाएको छ । जब संसदमा तथ्यमा आधारित बहस, नीतिगत दृष्टिकोण र संस्थागत सम्मान कायम हुन्छ, तब संसद लोकतन्त्रको सबल केन्द्रका रूपमा स्थापित हुन्छ । तर, जब संसद अवरोध, व्यक्तिगत विवाद वा तात्कालिक राजनीतिक प्रतिस्पर्धाको केन्द्र बन्छ, तब जनतामा लोकतान्त्रिक संस्थाप्रतिको विश्वास कमजोर हुन सक्छ । त्यसैले आजको आवश्यकता सांसदलाई केवल राजनीतिक प्रतिनिधि नभई राष्ट्रको बौद्धिक नेतृत्व गर्ने सार्वजनिक संस्था का रूपमा स्थापित गर्नु हो ।

अन्ततः प्रतिनिधिसभाको सदस्य हुनु भनेको केवल निर्वाचन जितेर प्राप्त पद होइन, यो जनताको विश्वास, संविधानको मर्यादा र राष्ट्रको भविष्यसँग जोडिएको जिम्मेवारी हो । संसदभित्र सांसदले अध्ययनशील, संयमित र तथ्यपरक भूमिका निर्वाह गर्नुपर्छ भने संसदबाहिर उनीहरूले जनताप्रति उत्तरदायी, नैतिक र पारदर्शी आचरण प्रदर्शन गर्नुपर्छ ।

जब सांसदहरूले आफ्नो पदलाई शक्ति वा विशेषाधिकारको स्रोत नभई सेवा, जिम्मेवारी र जनविश्वासको प्रतीकका रूपमा ग्रहण गर्छन्, तब संसद सुदृढ हुन्छ, लोकतन्त्र बलियो बन्छ र राज्यप्रतिको जनविश्वास अझ गहिरो हुन्छ । यही नै प्रतिनिधिसभा सदस्यको गरिमा, महत्त्व र जबाफदेहिताको वास्तविक सार हो ।

(लेखक अधिवक्ता तथा रास्वपाका तर्फबाट मोरङ क्षेत्र नं. १ बाट निर्वाचित सांसद हुन् ।)

रास्वपासँग आशाका भारी, पुरानालाई दण्ड



✍ राजेन्द्र पन्थी

आवधिक रुपमा ०८४ सालमा हुनुपर्ने प्रतिनिधि सभाको निर्वाचन विशेष परिस्थितिका कारण गत २१ फागुनमा सम्पन्न भई परिणामसमेत आइसकेको छ । निर्वाचनको परिणामअनुसार नयाँ वा वैकल्पिक भनिएको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) लाई मतदाताले अनपेक्षित करिब दुईतिहाई मतको गरुङ्गो भारी बोकाइदिएका छन् । पुरानालाई जुन तहको दण्ड दिनुपर्ने थियो, त्यो दिएका छन् । नेपालको राजनीतिमा ठूला र पुराना नेपाली कांग्रेस, नेकपा(एमाले), नेकपा, राप्रपा र मधेसवादी दलहरू संसदमा संख्यात्मक दृष्टिले बढारिए सरह नै भएका छन् ।

पुराना दलहरूलाई धेरै वर्ष पहिलेदेखि नै नसच्चिए सकिन्छन् भनिएको थियो, वास्तवमै संसदमा अहिलेको उपस्थितिको संख्यालाई हेर्दा सकिए सरह नै भएका छन् । पुराना दलहरूले जिम्मेवारविहीन भएर अतिका कारण आज परिणाम भोगेका हुन् । पुराना दलहरूले अराजनीतिक रूपमा गर्नसक्ने कुकृत्य सबै गरे । नेपालको राज्यसत्तालाई वर्षौंसम्म प्रयोगशाला नै बनाए । अन्ततः जनताले अब तत्काललाई उठ्न नै नसक्ने गरी दिनुपर्ने चरम दण्ड दिएका छन् । यद्यपि निरपेक्ष रुपमै पुराना दलहरूले नेपाली राजनीतिक इतिहासमा कुनै किसिमको योगदान नै दिएनन् भन्न खोजेको भने होइन ।

अहिलेको निर्वाचनको नतिजालाई हेर्दा भदौ २३ र २४ को जेन-जी आन्दोलन/विद्रोहकै स्वरुपको जस्तो अर्को एउटा लोकतान्त्रिक अभिव्यक्ति मान्न सकिन्छ । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरूलाई पुरस्कार र दण्ड भनेको निर्वाचन भएको हुँदा यस निर्वाचनमा पुराना दलहरूलाई जनताले नराम्रोसँग दण्ड दिएका हुन् । आज पुराना दलहरूले शर्मनाक हार बेहोरेका छन् ।

वास्तवमा अघिल्लो संसदीय निर्वाचनदेखि नै पुराना दलका शीर्ष र केही अन्य नेताहरूहरूप्रति 'नो नट अगेन' र 'इनफ इज इनफ'का नारा घन्केका थिए तर जनताका ती आवाज र आक्रोशलाई सम्बन्धित दलहरूले सुन्नै चाहेनन् । पुराना दलहरूले जसरी पनि चुनाव जित्नका लागि गठबन्धनका नाममा अनेक किसिमका ठगबन्धन गरे । देशमा कुशासन र भ्रष्टाचार चरम भएपछि विद्रोह स्वरुप भदौ २३ गते भएको जेन-जी आन्दोलनलाई समेत कतिपय दलले नजरअन्दाज गरे ।

नेपाली कांग्रेसले जेन-जी आन्दोलनका मुद्दालाई स्वीकारे पनि जनअनुमोदित हुन सकेन भने नेकपा एमालेले त जेन-जी आन्दोलनलाई अझैसम्म पनि प्रतिक्रान्ति भनिरहेको छ । लोकतन्त्रमा सर्वेसर्वा भनेका जनता नै हुन्,जनताका समस्या,पीडा,आवाज र आक्रोशलाई पुराना दलहरूले सम्बोधन गर्न नसक्दा आजको परिस्थिति भोग्नु परेको हो । मान्छेमा रहेको अति,अहंकार र दम्भले आफैँलाई सकाउँछ भन्ने कुरा नेपाली राजनीतिका शीर्षस्थ नेतृत्वको अहिलेको परिणामले देखाउँछ ।

हिजो जनतालाई अचाक्ली गर्दा आज मुख लुकाएर भाग्नुपर्ने परिस्थिति सिर्जना भएको छ। खासगरी शीर्ष तीन नेताहरू सत्ता र शक्तिको उन्मादमा राजनीतिक रुपमा आफू पनि सकिए भने आफ्ना पार्टी पनि सकाए । नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी (हाल नेकपा) जस्ता इतिहास बनाएका पार्टीहरू देश र जनताप्रति गैरजिम्मेवार र जवाफदेही नहुँदा जनताबाट तिरष्कृत भए। चुनावका बेलामा कांग्रेसका पूर्व सभापति शेरबहादुर देउवा नेपालमै बस्न सकेनन् भने एमाले अध्यक्ष केपी शर्मा ओली भने वालेन्द्र साह बालेनसँग ५० हजार मतले पराजित भए । नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भने हार्ने डरले कहिल्यै पनि ठाउँ दोहोर्याउँदैनन् । यसपालि रूकुम पुगेर जिते । आफू जितेर के गर्ने उनले आफ्नै छोरीलाईसमेत जिताउन सकेनन् ।अहिलेको निर्वाचनले रास्वपालाई अनपेक्षित सुनामीको भारी र पुरानालाई दण्ड त दियो कि अन्य धेरै नयाँ सन्देशहरू पनि दिएको छ । नेपाली राजनीति, समाज र संविधानमा भएको निर्वाचन प्रणालीका बारेमा खडा भएका थुप्रै किसिमका भाष्यलाई चिरेको पनि छ । कुनै पनि दलका मत भनेका भ्रातृ संगठनको संख्या, अघिल्लो निर्वाचनमा प्राप्त गरेको लोकप्रिय मत, कोर एरिया, संगठित सदस्य संख्या, कार्यकर्ता, मासु र मसल अनि संसदमा एउटै पार्टीको बहुमत वा दुईतिहाई आउन गाह्रो हुन्छ भन्ने जस्ता भाष्यहरू चिरिएका छन् ।

अहिलेको निर्वाचनलाई गहिरो गरी नियाल्दा नेपाली मतदाताको राजनीतिक रूपमा चेतनाको स्तर अत्यन्तै माथि गएको देखिन्छ । कुनै पनि दलका संगठित भनिएका कार्यकर्ता नै असंगठित र विश्वासहीन भएका छन् । कुनै एउटा निश्चित निर्वाचन क्षेत्रमा कुनै दलका संगठित वा सक्रिय कार्यकर्ताभन्दा त्यो दलका उम्मेदवारलाई कम मत खसेका छन् । निर्वाचनका परम्परित प्रचारात्मक शैली सबै असफल भएका छन् ।

कार्यकर्ता वा मतदाता कसैका निजी मत बन्ने परम्परा अन्त्य भएको छ । नेपाली मतदाताहरूले गत निर्वाचनहरूमा आँखा चिम्लेर पुराना पार्टीलाई मत खसाल्थे भने अहिले विवेक,आशा,विश्वास र शंकासहित मत खसालेको देखिन्छ । अहिलेका मतदाताले बेहोशमा रास्वपालाई यति धेरै मत दिएका पक्कै होइनन् अहिलेको जनमतको परिणाम भनेको रास्वपाप्रतिको आशा,अपेक्षा र विश्वास अनि पुराना पार्टीप्रतिको आक्रोशको विष्फोट हो ।

रास्वपालाई यति धेरै मत आउनुमा गत भदौ २३ र २४ को जेन-जी आन्दोलन/विद्रोह/विध्वंश,रास्वपाका सांसदहरूको संसदीय भूमिका, सभापति रवि लामिछाने र वरिष्ठ नेता वालेन्द्र साहको व्यक्तिगत प्रभाव, उम्मेदवारमा नयाँ अनुहारहरू, चुनाव चिन्ह घण्टी, रास्वपाकै करारनामा र वाचापत्र,नयाँ तरिकाको डिजिटल प्रचारात्मक शैली र पुराना दलहरूको अहंकार र दम्भ आदि जस्ता धेरै कारकहरूले काम गरेका छन् । आम नेपाली मतदाताको सामाजिक मनोविज्ञान एउटै हुन पुरानाका विरुद्धमा नयाँ पार्टी रास्वपाप्रति यो तरिकाको मतको सुनामी कसरी आयो भन्ने कुरामा भने अझै धेरै खोज र अनुसन्धान भने गर्नुपर्ने नै देखिन्छ ।

नेपालका हिमाल, पहाड, तराई, गाउँ, सहर, सुगम, दुर्गम, युवा, ज्येष्ठ, महिला, पुरुष आदि सबै मतदातामा एउटै किसिमको मनोविज्ञान पैदा हुनुको पहिलो कुरा त पुरानाहरूले गरेको विगत ३५ वर्षदेखिको कुशासन, भ्रष्टाचार र बेरोजगारीको परिणाम नै हो । पुराना दलहरूले राज्य र यसका सम्पूर्ण संयन्त्रहरूलाई अति दलीयकरण गर्दा नेपालीहरू निकै आक्रोशित भएका थिए ।

जनताले व्यवस्था र प्रणाली परिवर्तन गर्न अनेक किसिमका आन्दोलन गरे,रगतको खोलै बगाए,शहीद भए तर पुराना दलहरूले जनताको अवस्था परिवर्तनको लागि जिम्मेवार र विश्वासयोग्य हुने सकेनन् । राजनीतिलाई व्यवसाय बनाए । भ्रष्टाचारमा चुर्लुम्म डुबे । विगत एक दुई दशकदेखि कांग्रेस, एमाले र माओवादी जस्ता दलहरूले भूइँ मान्छेका पीडा र समस्याहरू सुन्दै सुनेनन् र बुझ्दै बझेनन् । कांग्रेस र कम्युनिस्ट भन्नेहरू वैचारिक रुपमा फरक नै भएनन् । नेपाली राजनीतिमा बारम्बार असफल प्रमाणित भएका पात्र र प्रवृत्तिहरू संसद र सत्तामा पुगेर राज्य संयन्त्रको चरम दुरुपयोग गरे ।

पुराना दलका शीर्ष नेताहरू देउवा, ओली र प्रचण्डले राज्यसत्तालाई यति दुरुपयोग गरे कि म्युजिकल चेयरका आधारमा आलोपालो गरी शासन गरे । यिनकै कारण देश कुशासन र भ्रष्टाचारले थिलोथिलो भयो ।

नमुना बस्ती घट्दै



काँक्रेविहार संवाददाता
कालिकोट, २ चैत

कालीकोटको रास्कोट नगरपालिका-७ पोखरीकोटमा निर्माण गरिएको तथाकथित 'नमुना बस्ती' अहिले अपेक्षाअनुसार उपयोगमा आउन सकेको छैन ।

एउटै आकार, रङ र बनोटका निलो जस्तापाताले छाएका एकतले ७३ घर निर्माण गरिए पनि अधिकांश घर अहिले खाली अवस्थामा छन् ।

पहिरोको जोखिमका कारण पुरानो बस्ती बस्न अयोग्य भएपछि कर्णाली प्रदेश सरकारको पहलमा स्थानीयका लागि पोखरीकोटमा एकीकृत बस्ती निर्माण गरिएको थियो ।

घर निर्माणका लागि प्रदेश सरकारले प्रति परिवार चार लाख रुपैयाँ अनुदान उपलब्ध गराएको थियो भने बाँकी रकम सम्बन्धित परिवारले आफैं लगानी गर्ने मापदण्ड तय गरिएको थियो ।

यसरी निर्माण भएका घर बाहिरबाट हेर्दा व्यवस्थित र आकर्षक देखिए पनि स्थानीयको जीवनशैली र आवश्यकतालाई ध्यान नदिँदा अपेक्षित रूपमा बसोबास हुन नसकेको नागरिकहरूको भनाइ छ ।

७३ परिवारका लागि बनाइएका घरमध्ये अहिले थोरै मात्र परिवार त्यहाँ बसोबास गरिरहेका छन् भने बाँकी घरहरूमा ताला लागेको छ र वरिपरि झारपात बढ्दै गएको देखिन्छ ।

२०७२ सालको भूकम्पपछि नेपालमा नमुना बस्ती निर्माण गर्ने अभ्यास सुरु भएको थियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले घर निर्माणका लागि मापदण्ड बनाएपछि विभिन्न ठाउँमा सोही ढाँचाका घर निर्माण गरिएका थिए ।

तर स्थानीय परिवेश, परम्परा र जीवनशैलीलाई पर्याप्त रूपमा अध्ययन नगरी घर निर्माण गर्दा कतिपय बस्ती प्रयोगविहीन हुने अवस्था देखिएको छ ।

गाउँमा बसोबास गर्ने अधिकांश परिवारको जीविकोपार्जन खेतीपाती र पशुपालनमा आधारित हुने भएकाले घरसँगै गोठ, घाँस-पराल राख्ने ठाउँ र खेतीपातीका लागि आवश्यक संरचना पनि चाहिने हुन्छ ।

तर पोखरीकोटको नमुना बस्तीमा यस्ता संरचनाको व्यवस्था नभएकाले स्थानीयलाई बसोबास गर्न कठिनाइ भएको बताइन्छ । रास्कोट नगरपालिका-७ का निवर्तमान वडाध्यक्ष अदसिंह महतराले सरकारी मापदण्डअनुसार घर निर्माण गर्दा गाईबस्तु राख्ने गोठको व्यवस्था गर्न नसकिएको बताए ।

त्यसैले सरकारी अनुदानमा बनेका ती घर विपत्का बेला बस्न बाहेक दीर्घकालीन रूपमा उपयोगी बन्न नसकेको उनको भनाइ छ ।

इन्जिनियर माधवप्रसाद न्यौपानेले पनि घर निर्माणसँगै पशुपालनका लागि गोठ बनाउने ठाउँ छुट्याइनुपर्ने बताए ।

निलो जस्ताले छाना छोप्दैमा बस्तीलाई 'नमुना' भन्न नसकिने उल्लेख गर्दै उनले बस्ती नजिकै विद्यालय, स्वास्थ्य चौकी, बस्तीभित्र खानेपानी, बिजुली, बालबालिकाका लागि खेल मैदान जस्ता आधारभूत पूर्वाधार भए मात्र वास्तविक अर्थमा नमुना बस्ती बन्न सक्ने बताए ।

सडक र आधारभूत पूर्वाधार पहिलो प्राथमिकता : सांसद शाही

काँक्रेविहार संवाददाता
मुगु, २ चैत

जिल्लाबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित खड्कबहादुर शाहीले जिल्लाको विकासका लागि सडक, स्वास्थ्य र अन्य आधारभूत पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

मुगुबाट पहिलो पटक संसदीय यात्रामा रहेका शाही नेपाली कांग्रेसका नेता हुन । मुगाली जनताले देखाएको विश्वास र आशाअनुसार काम गर्ने जिम्मेवारी अब आफ्नो काँधमा आएको उनले बताए ।

जिल्लाका चारवटै भेगको समग्र विकासका लागि यहाँका राजनीतिक दल तथा सरोकारवालासँग सहकार्य गर्दै विकासका प्राथमिकता तय गर्ने योजना रहेको उनको भनाइ छ ।

हाम्रा विधायक

सांसद शाहीका अनुसार मुगुमा सडक, खानेपानी, बिजुली, सञ्चार, स्वास्थ्य, शिक्षा र पर्यटन क्षेत्रको विकासमा विशेष ध्यान दिइनेछ । साथै छायानाथधाम लगायतका पर्यटकीय क्षेत्रको पूर्वाधार विकासलाई पनि प्राथमिकतामा राखिने उनले उल्लेख गरे ।

उनले केन्द्रमा मात्र सीमित नबसी स्थानीय समुदायसँग प्रत्यक्ष सम्पर्कमा रहँदै जनताका सुझाव र आवश्यकतालाई नीति तथा कार्यक्रममा समेट्ने प्रतिबद्धता व्यक्त गरे ।

लोकतान्त्रिक व्यवस्थामा प्रतिस्पर्धा स्वाभाविक रहेको उल्लेख गर्दै उनले निर्वाचनमा सहभागी सबै उम्मेदवार तथा मतदाताप्रति आभार व्यक्त गरे ।

लोकतन्त्रमा स्वच्छ प्रतिस्पर्धाबाट आएको परिणामलाई सम्मान गर्नुपर्ने उनको भनाइ छ । मुगुमा सडकको समस्या सबैभन्दा प्रमुख रहेको बताउँदै उनले धेरै सडक योजना अधुरा र अलपत्र अवस्थामा रहेकाले तिनलाई अघि बढाउन पहल गर्ने बताए ।

विशेषगरी नाम्दहेखि मुगुसम्मको सडकलाई स्तरोन्नति गरी आधुनिक सडकका रूपमा विकास गर्ने र रारा जाने सडक सुधारका लागि पनि पहल गर्ने योजना रहेको उनले जानकारी दिए ।

स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न जिल्लाका विभिन्न पालिकामा निर्माण भइरहेका अस्पताल तथा स्वास्थ्य चौकीको काम छिटो सम्पन्न गर्न तीनै तहका सरकारबीच समन्वय र सहकार्यको वातावरण बनाउने उनले बताए ।

त्यसैगरी शिक्षा क्षेत्रमा प्राविधिक विद्यालयका कार्यक्रमलाई सुदृढ बनाउने, जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने तथा युवालाई उद्यमशीलता र स्वरोजगारतर्फ प्रोत्साहित गर्ने योजना रहेको सांसद शाहीले जानकारी दिए ।

सङ्क्षिप्त चिनारी

नाम : खड्कबहादुर शाही
ठेगाना : खत्याड गाउँपालिका-३, रोलगाउँ, मुगु
उमेर : ५२ वर्ष
राजनीतिक दल : नेपाली कांग्रेस
पद : निवर्तमान जिल्ला सभापति, मुगु
शिक्षा : १२ उत्तीर्ण
पेसा : राजनीति
प्राप्त मत : ७,९१४



स्वरोजगारका लागि सीपमूलक तालिम सञ्चालन

काँक्रेविहार संवाददाता
कञ्चनपुर, २ चैत

स्थानीयलाई स्वरोजगारमार्फत आत्मनिर्भर बनाउने उद्देश्यले कञ्चनपुरस्थित शुक्लाफाँटा नगरपालिकाले १३३ जनालाई विभिन्न सीपमूलक तालिम प्रदान गरेको छ ।

आर्थिक रूपमा विपन्न, दलित, जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार, द्वन्द्वपीडित तथा विदेशबाट फर्केका व्यक्तिलाई लक्षित गरी नगरपालिकाले चालु आर्थिक वर्षमा लघु तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रमअन्तर्गत उक्त तालिम सञ्चालन गरेको हो ।

कार्यक्रमअन्तर्गत काष्ठकला सम्बन्धी २०, ग्यास चुलो मर्मतसम्बन्धी २०, गुन्द्री बनाउने २०, खेलौना बनाउने १३, अटो ड्राइभिङ २०, दुना-टपरी बनाउने २० तथा फुट मसाज (सुत्केरी स्याहार) सम्बन्धी २० जनाले तालिम लिएका छन् ।



तालिम लिएका व्यक्तिलाई व्यवसाय सञ्चालनमा सहयोग पुगोस भन्ने उद्देश्यले आवश्यक सामग्रीसमेत अनुदानमा उपलब्ध गराइएको उद्यम विकास सहजकर्ता धनबहादुर चौधरीले जानकारी दिए ।

तालिमसँगै आवश्यक सामग्री उपलब्ध गराएर लक्षित समूहका व्यक्तिलाई आत्मनिर्भर बनाउने प्रयास गरेका छौं, उनले भने तालिम लिएका मध्ये धेरैजना स्वरोजगारमा संलग्न भई व्यवसायिक गतिविधि सञ्चालन गरिरहेका छन् ।

तालिम लिएकामध्ये ३९ जनाले आफ्नै व्यवसाय सञ्चालन गर्न थालेका छन् । दुना-टपरी बनाउने तालिम लिएकी सरिता चौधरीले तालिमपछि दुना-टपरी उत्पादन गरी बजारमा बिक्री गरेर आम्दानी गर्न थालेको बताए ।

त्यस्तै, तालिमपछि आधुनिक सिलाइ मेसिन अनुदानमा प्राप्त गरेका जगतबहादुर सिंहले गार्मेन्ट व्यवसाय विस्तार गर्न तालिमले सहयोग पुगेको उल्लेख गरे ।

तालिममा १८ देखि ५५ वर्ष उमेर समूहका सहभागी रहेका छन्, जसमा अधिकांश महिला छन् ।

नगरपालिकाका प्रवक्ता लालबहादुर ऐरले 'हात-हातमा सीप र घर-घरमा रोजगारी' पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको जानकारी दिए ।

नलगाड नगरसभाले चार महत्वपूर्ण विधेयक पारित गऱ्यो

काँक्रेविहार संवाददाता
जाजरकोट, २ चैत

नलगाड नगरपालिकाको नगरसभा तथा १७औं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले विभिन्न प्रस्तावमा छलफल गर्नुका साथै चार वटा महत्त्वपूर्ण विधेयक पारित गरेको छ ।

नलगाड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खड्कबहादुर परियारले पालिकामा आवश्यक नीति तथा कानुनी व्यवस्थालाई सुदृढ बनाउने उद्देश्यले महत्त्वपूर्ण विधेयकहरू पारित गरिएको जानकारी दिए ।

नगरपालिकाकी उपप्रमुख देवका लामिछानेका अनुसार अधिवेशनले नलगाड नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्न बनेको विधेयक-२०८२ र नलगाड नगरपालिकाको विज्ञापन व्यवस्थापन गर्न बनेको विधेयक-२०८२ पारित गरेको छ ।

त्यसैगरी नलगाड नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतसम्बन्धी विधेयक-२०८२ र नलगाड नगरपालिकाको आर्थिक तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक-२०८२ पनि अधिवेशनबाट पारित भएका छन् ।

नगरप्रमुख डम्बरबहादुर रावतले नगरसभा तथा अधिवेशनले पालिकाका लागि आवश्यक महत्त्वपूर्ण विधेयक पारित गर्दै सफलतापूर्वक सम्पन्न भएको बताए ।

कारागारबाट १ सय ८० कैदी अझै फरार



काँक्रेविहार संवाददाता
नवलपरासी, २ चैत

बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), चैत २ गते गत भदौ २५ गते 'जेनजी' प्रदर्शनपछिको तनावग्रस्त परिस्थितिका कारण नवलपरासी कारागारबाट ५४६ कैदी भागेका थिए ।

तीमध्ये ३६२ जना कारागारमा फर्किए भने चार जना अन्य कारागारमा बसिरहेका छन् । नवलपरासी कारागारका नायब सुब्बा किरण आर्यालका अनुसार, हाल १५० पुरुष र ३० महिला कैदी अझै फरार छन् ।

कारागार प्रशासनले फरार कैदीलाई सुरक्षित रूपमा फिर्ता हुन सूचना जारी गरेको थियो। फरार कैदीमध्ये ५७५ जनामध्ये ४१ जना भारतीय नागरिक थिए ।

तीमध्ये तीन जना पक्राउ गरी कारागार फिर्ता गरिए, तर ३८ जना अझै फरार छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरदत्त पन्तले फरार कैदी खोजतलास कार्य जारी रहेको जानकारी दिएका छन् ।

Ministry of Social Development
Education Development Directorate
Birendranagar, Surkhet, Nepal

INVITATION FOR BIDS (IFB)

Notice No: EDD/SKT/GOODS/SQ/01/082-083
Second date of publication: - 17 Mar 2026
B.S (2082/12/03)

1. EDD, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.
2. The details of the project is as follows:

S.N.	Contract No.	Description of Work	Total Estimated Amount (Without VAT& PS)	Bid Security Amount (Nrs) and Validity	Bid Document Fee(Nrs)	Bid Validity/Bid Bond Validity Period	Last Date of Bid Submission
1	EDD/SKT/GOODS/SQ/01/082-083	Procurement of Sports wheel chair	NRS 1327000.00	NRS 45000.00	NRS 1000	45 days/75 days from last date of bid submission	31 Mar 2026 until 12:00 noon

3. Eligible Bidders may obtain further information from PPMO'swebsite www.bolpatra.gov.np/egp.

Director

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

एचपिभी खोपबाट २३ सयभन्दा बढी बालिका सुरक्षित

काँक्रेविहार संवाददाता
गुल्मी, २ चैत

जिल्लामा पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानअन्तर्गत २३ सयभन्दा बढी बालिका तथा किशोरीले खोप लगाएका छन् । स्वास्थ्य कार्यालय गुल्मीका कोल्डचेन असिस्टेन्ट श्यामकुमार पालका अनुसार गत माघ २५ देखि फागुन २ गतेसम्म जिल्लाका सबै स्थानीय तहमा खोप अभियान सञ्चालन गरिएको थियो ।

अभियानअन्तर्गत २ हजार ४६२ बालिकालाई खोप लगाउने लक्ष्य राखिएकोमा २ हजार ३५८ जनालाई खोप लगाइएको छ । विभिन्न स्थानीय तहमा पनि उत्साहजनक सहभागिता देखिएको छ ।

रेसुङ्गा नगरपालिकामा ३१९, मुसिकोट नगरपालिकामा २६८, इस्मा गाउँपालिकामा १६८, कालीगण्डकी गाउँपालिकामा ११४, गुल्मीदरबार गाउँपालिकामा १२९, चन्द्रकोट गाउँपालिकामा १७३, छत्रकोट गाउँपालिकामा १७६, धुर्कोट गाउँपालिकामा २०२, मदाने गाउँपालिकामा २११, मालिका गाउँपालिकामा २७१, रुरुक्षेत्र गाउँपालिकामा १५७ तथा सत्यवती गाउँपालिकामा १७० जनाले एचपिभी खोप लगाएका छन् ।

विद्यालयमा कक्षा ६ मा अध्ययनरत छात्रा तथा विद्यालय बाहिर रहेका १० वर्षका किशोरीलाई लक्षित गरेर यो अभियान सञ्चालन गरिएको थियो । खोप कार्यक्रम प्रभावकारी बनाउन जिल्लाभर २२८ खोप केन्द्र सञ्चालन गरिएका थिए ।

ती केन्द्रमा २२८ जना स्वास्थ्यकर्मी र २२८ जना स्वास्थ्य स्वयंसेवक परिचालन गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

गत वर्ष जिल्लामा १० हजार ८४३ बालिकालाई एचपिभी खोप लगाइएको थियो । यस वर्ष गत वर्ष छुटेका कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा तथा विद्यालय बाहिर रहेका ११ देखि १४ वर्षसम्मका किशोरीलाई लक्षित गरी खोप अभियान सञ्चालन गरिएको हो ।

एक वर्षमा ३ सय ३० हेक्टर भन्दा बढी वन क्षेत्र क्षति

काँक्रेविहार संवाददाता
जुम्ला, २ चैत

जुम्ला जिल्लामा गत आर्थिक वर्षभरि वन डढेलोका कारण ठूलो परिमाणमा वन क्षेत्र क्षति भएको छ । डिभिजन वन कार्यालय जुम्लाका अनुसार उक्त वर्ष २ ९ स्थानमा लागेको डढेलोबाट करिब ३३० दशमलव २८ हेक्टर वन क्षेत्र प्रभावित भएको हो ।

डिभिजन वन कार्यालयका प्रमुख भरत बुढ्थापाले गत आर्थिक वर्षमा विभिन्न स्थानमा लागेको डढेलोले वन तथा जैविक विविधतामा क्षति पुऱ्याएको जानकारी दिए ।

चालु आर्थिक वर्षको हालसम्मको आठ महिनाको अवधिमा पनि जिल्लाका आठवटै स्थानीय तहअन्तर्गतका विभिन्न ६ स्थानमा डढेलो लागेको छ । यसबाट करिब १०० हेक्टर वन क्षेत्र प्रभावित भएको कार्यालयको अनुमान छ ।

वन डढेलो नियन्त्रण र सचेतना अभिवृद्धि गर्ने उद्देश्यले डिभिजन वन कार्यालय जुम्लाले सरोकारवाला निकायसँग वन सुरक्षा समन्वय समिति बैठक तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा बोल्दै कार्यालय प्रमुख बुढ्थापाले “वन डढेलो नियन्त्रणमा प्रभावकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता” भन्ने मूल नारासहित चैत १ गतेदेखि ७ गतेसम्म जिल्लाभर विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने जानकारी दिए ।

हरेक वर्ष गर्मीयाम सुरु भएसँगै वन क्षेत्रमा डढेलो लाग्ने क्रम बढ्दै जाने गरेको छ । विशेषगरी दमकल पुग्न कठिन हुने विकट भूगोलका कारण आगो नियन्त्रणमा चुनौती देखिने गरेको सरोकारवालाहरूको भनाइ छ ।

सहायक प्रमुख जिल्ला अधिकारी मीनबहादुर रावलले वन संरक्षण र डढेलो नियन्त्रणमा स्थानीय समुदायको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताए । उनले समयमै सचेतना र सहकार्य भएमा वन डढेलोबाट हुने क्षति न्यून गर्न सकिने उल्लेख गरे ।

चुनौती...

विभिन्न जिल्लामा कार्यरत स्वास्थ्यकर्मी तथा स्वास्थ्य विशेषज्ञहरूले पनि मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरूलाई लुकाउनुभन्दा खुलेरै कुरा गर्न आग्रह गरेका छन् ।

अध्ययनअनुसार हरेक व्यक्ति कुनै न कुनै मानसिक स्वास्थ्य चुनौतीहरूको सामना गरिहेको र यसले जघन्य अपराधिक घटना समेत निम्त्याउने गरेको उल्लेख छ ।सामाजिक दबाब वा प्रभावका कारण मानसिक स्वास्थ्य समस्याबारे अधिकांश व्यक्ति सहयोग खोज्न हिचकिचाउने गरेको पाइन्छ ।

प्रदेश अस्पताल सुर्खेतमा कार्यरत मनोचिकित्सक डा. सुशील समदर्शीले मानसिक, आध्यात्मिक र सामाजिक स्वस्थताको अवस्थामामध्ये समाजमा शारीरिक स्वास्थलाई मात्रै महत्व दिने गरिएको बताए । मानसिक स्वास्थ समस्याकै कारण नेपालमा ९० प्रतिशत आत्महत्याको घटना हुने गरेको उनले जानकारी दिए ।

‘मानसिक स्वास्थ्यका समस्याबारे खुलेर कुरा गर्दा मात्र समयमै उपचार र सहयोग पाउन सकिन्छ । यसमा परिवार, साथी र समुदायमा समझदारीपूर्ण संवाद आवश्यक छ,’ उनले भने, ‘ हाल मानसिक स्वास्थ्य सेवा केन्द्रहरूको पहुँच सबैसम्म पुऱ्याउने कार्यमा सरकारसँगै गैरसरकारी संस्थाहरू पनि सक्रिय छन् ।‘

मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरूमा समयमै सहयोग नपाएमा दीर्घकालीन असर पर्नसक्ने भन्दै नडराई स्वास्थ्य केन्द्रमा सम्पर्क गर्न उनको आग्रह छ ।

मानसिक स्वास्थ्य समस्याबारे जनचेतना बढाउन विद्यालय, कार्यस्थल र मिडियामा अभियान सञ्चालन गर्न आवश्यक रहेको उनले बताए ।

‘सधैँ खुसी र स्वस्थ रहने कुरा हामी सबैले चाहन्छौँ । तर कहिलेकाहीँ चुनौतीहरू आउँछन्,’ उनले भने, ‘त्यस्ता चुनौतीहरूलाई लुकाउने होइन, सामूहिक रुपमा समाधान खोज्ने समय हो । त्यसैले खुलेरै कुरा राख्नुहोस् सबै समस्या निदान हुन्छ ।’

स्वास्थ सेवा निर्देशनालयका निमित्त निर्देशक मानकुमारी गुरुङले मानसिक स्वास्थ सेवालाई प्राथमिकतामा राखेर स्वास्थ सेवा प्रवाहलाई जोड दिइएको बताइन् । कुनै पनि व्यक्ति मनबाटै स्वस्थ भए मात्रै उसले गर्ने काम पनि प्रभावकारी देखिने उनको भनाइ छ ।

जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका प्रमुख करुणा भट्टराईले मन स्वस्थ नभएसम्म जीवन स्वस्थ नहुने भन्दै मानसिक स्वास्थ समस्याबारे खुलेरै कुरा राख्न आग्रह गरिन् ।

साथै नागरिकले सहज र सुलभ रुपमा सेवा पाओस् भन्ने नीतिअनुसार सेवा प्रदान भइरहेको उनले बताइन् ।

एक महिनामा ५१ सवारी दुर्घटना, ४ जनाको मृत्यु

काँक्रेविहार संवाददाता
सुर्खेत, २ चैत

फागुन महिनामा ट्राफिक प्रहरीले सडक सुरक्षा, ट्राफिक नियम कार्यान्वयन तथा जनचेतनामूलक कार्यक्रमलाई सक्रिय रूपमा सञ्चालन गरेको छ । एक महिनाको अवधिमा ५१ वटा सवारी दुर्घटना भएका छन् भने ती दुर्घटनामा ७६ वटा सवारी साधन संलग्न रहेका जिल्ला ट्राफिक कार्यालय सुर्खेतका प्रमुख प्रहरी निरीक्षक रोहित कुमार शाहीले बताएका छन् ।

दुर्घटनामा परि ३ पुरुष र १ महिला गरी जम्मा ४ जनाको मृत्यु भएको छ । उक्त घटनामा ५६ जना सामान्य घाइते र २७ जना गम्भीर घाइते भएका छन् भने ८३ जनाको उद्धार गरिएको छ ।

दुर्घटनाका प्रमुख कारणहरू ट्राफिक नियम उल्लंघन, ओभरटेक, तीव्र गति, मादक पदार्थ सेवन, चालकको असक्षमता (बिना सवारी चालक अनुमतिपत्र), लापरवाही, जथाभावी बाटो काट्ने पैदलयात्री, यान्त्रिक गडबडी, ब्रेक फेल, टायर पन्चर, ओभरलोड, सडक तथा मौसमको अवस्था र चौपायाको कारण रहेका छन् ।

फागुन महिनामा ट्राफिक नियम उल्लंघन गर्ने ६३७ सवारी साधनलाई कारबाही गरिएको छ । उक्त कारबाहीबाट ५ लाख ८४ हजार रुपैयाँ राजश्व संकलन भएको छ । सवारी साधन अनुसार कारबाही गर्दा ट्रक तथा ट्याङ्कर ६७, बस तथा मिनिबस ४८, कार जिप भ्यान १०७, ट्र्याक्टर ३४, मोटरसाइकल २७५ र टेम्पो तथा अन्य १०६ सवारी साधनमाथि कारबाही गरिएको छ ।



यस अवधिमा ट्राफिक प्रहरीले सडक सुरक्षा सम्बन्धी १०१ वटा सचेतना कार्यक्रम सञ्चालन गरेको छ, जसमा ९ हजार ३३० जना सहभागी भएका छन् ।

कार्यक्रममा प्रहरी निरीक्षक २, प्रहरी सहायक निरीक्षक ४, प्रहरी वरिष्ठ हवल्दार ७, प्रहरी हवल्दार १९, प्रहरी सहायक हवल्दार ४२ र प्रहरी जवान २७ जना प्रशिक्षकको रूपमा सहभागी भएका थिए ।

चालकसँग १ मिनेट” कार्यक्रम ७७ पटक सञ्चालन गरिएको थियो जसबाट ६ हजार ६६३ जना चालक लाभान्वित भएका छन् ।

त्यस्तै पैदल यात्रु लक्षित ८ वटा कार्यक्रम सञ्चालन गरी ५१६ जना लाभान्वित भएका छन् भने संघसंस्थामा लक्षित १६ वटा कार्यक्रम मार्फत १ हजार ७५४ जना लाभान्वित भएका छन् ।

यसैगरी १८ हजार ५४३ जनालाई ट्राफिक नियमबारे सम्झाइ बुझाइ गरिएको छ । ट्राफिक नियम उल्लंघन गर्ने चालकहरू (मा.प.से., तीव्र गति लगायत) का लागि ३ वटा सचेतना कक्षा सञ्चालन गरिएको थियो जसमा १२८ जना सहभागी भएका छन् ।

नियम विपरीत सवारी रूपान्तरण गर्ने विरुद्ध ५ सवारी नियन्त्रणमा लिइएका छन् भने २ सवारीलाई जरिवाना गरी ६ हजार रुपैयाँ राजश्व संकलन गरिएको छ र ५ सवारी यातायात कार्यालय पठाइएको छ ।

सवारी दुर्घटना पश्चात ५ घटनामा दुई पक्षबीच सहमति भएको छ भने ४५ घटनामा मिलापत्र भएको छ । मिलापत्र भएका मध्ये ४१ जनालाई जरिवाना गरिएको छ जसबाट ३५ हजार ५०० रुपैयाँ राजश्व संकलन भएको छ ।

त्यस्तै २७ वटा सवारी दुर्घटना प्रतिवेदन तयार गरिएको छ भने हराएका कागजातको प्रतिलिपिका लागि ४३ सिफारिस प्रदान गरिएको छ । फागुन महिनामा ८ घटना भएका छन् जसमा ४ वटा पत्ता लागेका छन् भने ४ घटनाको खोजतलास जारी रहेको छ ।

हराएका वा चोरी भएका सवारी साधन सम्बन्धी १४ निवेदन प्राप्त भएका छन् जसमा ६ सवारी फेला परेका छन् भने ८ सवारी अझै फेला पर्न बाँकी छन् ।

साथै वेवारिसे अवस्थामा १ बुलेट मोटरसाइकल फेला पारी ट्राफिक कार्यालयमा राखिएको छ । यस अवधिमा सवारी दुर्घटनाबाट २ वटा मुद्दा दर्ता भएका छन्, जसमा सवारी ज्यान सम्बन्धी २ मुद्दा रहेका छन् ।

ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षालाई थप प्रभावकारी बनाउन ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन र सचेतना कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

बेरोगार व्यक्तिको सुचिमा सुचिकृत हुने सम्बन्धी गुर्भाकोट नगरपालिकाको सुचना ।

आर्थिक वर्ष २०८३/०८४ मा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकार द्वारा सञ्चालन हुने रोजगारमुलक, सीपमुलक, उद्यमशीलता विकासका कार्यक्रमहरुमा सहभागी हुनका लागि र सार्वजनिक निर्माणका काममा योगदान दर्ने इच्छुक सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, दलित,सीमान्तकृत समुदाय तथा विपन्न वर्गका वेरोजगार व्यक्तिहरुले २०८२ चैत १५ गते सम्म आफुले स्थायी वसोवास गरेको वडाका वडा कार्यालयमा गई वेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन तपशिल बमोजिमका कागजपत्र सहित निवेदन दिनुहुन सम्बन्धित सबैमाजानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु :

- नागरिकताको फोटोकपी एक थान,
- पासपोर्ट साईजको फोटो एक थान,
- फारममा उल्लेख गरिने परिवार संख्या (१८-५९ वर्ष) का नागरिकताको प्रतिलिपि १ प्रति साथै सबै परिवारको परिचय खुल्ने गरि भरिएका फारम १ प्रती,
- विवाह दर्ताको प्रतिलिपी/वसाईसराईको प्रमाणपत्र (नागरिकता जारी जिल्ला फरक भएमा),
- निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सोको प्रतिलिपी १ प्रती

थप जानकारीका लागी रोजगार सेवा केन्द्रको सम्पर्क नं ९८५८०७८२३७ वा सो सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।


गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री विष्णु बस्याल धनी रहेको, दर्ता नम्बर ६०१५/०७६/७७ बाट वी.न.न.पा.-१० मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको श्री सन्तोष सटिङ्ग सेवा नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री भीमनिधि तिवारी धनी रहेको, दर्ता नम्बर ३५१४/०७४/०७५ बाट २०७४/०६/०४ मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको श्री एपेक्स कम्प्युटर इन्स्टिच्युट एण्ड एजुकेशनल सेन्टर नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)